**नेपाली राजदूतावास**
**वाशिङ्गटन, डि.सी.**

मितिः २०८२।०६।०९
(सेप्टेम्बर २५, २०२५)

**<u>जरुरी सूचना</u>**

अमेरिकाको कोलोराडो र आसपासका क्षेत्रमा रहनुभएका नेपालीहरुको सहजताको लागि स्थानीय संघ/संस्थाको समन्वयमा यस राजदूतावासबाट यही अक्टोबर १० देखि १२, २०२५ सम्म कोलोराडोको वेष्टमिन्ष्टरमा राहदानी घुम्ती सेवा सञ्चालन हुन गैरहेको छ। उक्त अवधिमा सेवा लिन चाहने राहदानी आवेदकहरुलाई राहदानी फारम भर्नको लागि अक्टोबर ११ र १२ मितिको appointment slots खुलाइएकोले यथासमयमै राहदानी फारम अनलाइन मार्फत भर्नुहुन अनुरोध गरिन्छ। यस सम्बन्धी विस्तृत विवरण छुट्टै सूचना मार्फत जानकारी गराइएको छ। अक्टोबर ११ र १२ को मितिमा फारम भर्ने आवेदकहरुले कोलोराडोको राहदानी घुम्ती शिविरबाट मात्र सेवा लिन सक्ने व्यहोरा अनुरोध छ। आवेदन फारममा Appointment Location: NE, Washington DC लेखिएता पनि अक्टोबर ११ (शनिबार) र अक्टोबर १२ (आइतबार) का दिन राजदूतावास बन्द रहने र सो फारमहरु उक्त स्थानमा मात्र प्रयोगमा आउने व्यहोरा अनुरोध छ।